# मुख्य न्यायाधिवक्ताको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०



## मुख्य न्यायाधिवक्ताको कार्यालय

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत ।



पद तथा गोपनियताको सपथग्रहण गर्नुहुँदै नवनियुक्त
मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का




माननीय महान्यायाधिवक्ता डा. दिनमणि पोखरेलज्यू
कार्यालयमा आगमनको एक झलक

मानननीय प्रदेश प्रमुख श्री तिलक परियार ज्यू

समक्ष

मुख्य न्यायाधिवक्ता

नरबहादुर खड्काले

पेश गरेको

आर्थिक वर्ष २०७९/८० को

# वार्षिक प्रतिवेदन

## मुख्य न्यायाधिवक्ताको कार्यालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

नेपाल

# मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन

**आर्थिक वर्ष २०७९/०८०**

---


| | | |
|---|---|---|
| प्रकाशक | : | मुख्य न्यायाधिवक्ताको कार्यालय<br>कर्णाली प्रदेश, सुर्खेत |
| सम्पादन समूह | : | उपसचिव श्री तुलसा भण्डारी<br>शाखा अधिकृत श्री कृष्णाकुमारी भण्डारी<br>शाखा अधिकृत श्री ईशा शर्मा<br>अधिकृत छैटौ श्री खेमराज के.सी.<br>लेखा अधिकृत छैटौ श्री निर्मला गौली |
| कम्प्युटर टाइप | : | शाखा अधिकृत श्री धर्मराज न्यौपाने |
| प्रकाशन संख्या | : | १०० (एक सय प्रति) |
| प्रकाशित मिति | : | २०८० असोज |
| फोन नं. | : | ०८३–५२४१९१, ०८३–५२४३०४ |
| वेभसाइट | : | www.cag.karnali.gov.np |
| इमेल | : | ochiefattorney@gmail.com |
| मुद्रण | : | नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.<br>वीरेन्द्रनगर, सुर्खेत |




**मुख्य न्यायाधिवक्ता**

**नरबहादुर खड्का**

**२०७९/१०/२०**

# मुख्य न्यायाधिवक्ताको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

☎ ०८३-५२४१९१
०८३-५२४३०४


## मन्तव्य

**माननीय प्रदेश प्रमुख ज्यू,**
**प्रदेश प्रमुखको कार्यालय,**
**कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत**

**विषयः आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन पेश गरिएको।**

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट नेपाली जनताको शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न जारी भएको नेपालको संविधानको धारा १६० मा प्रदेश सरकारको मूख्य कानूनी सल्लाहकारको रुपमा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट मुख्य न्यायाधिवक्ताको नियुक्ति हुने संवैधानिक व्यवस्था बमोजिम सातवटै प्रदेशमा मुख्य न्यायाधिवक्ताहरूको नियुक्ति हुनुका साथै प्रदेश सभाबाट मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार सम्बन्धि ऐन पारित गरि मुख्य न्यायाधिवक्ता कार्यालयको स्थापना भई निरन्तर रुपमा संवैधानिक र कानूनी जिम्मेवारी वहन गर्ने काम भई रहेको छ । नेपालको संविधानको धारा १६०(५) मा उल्लेखित काम, कर्तब्य र अधिकारका अतिरिक्त कर्णाली प्रदेश सभाबाट पारित मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ को दफा ४ मा समेत मुख्य न्यायाधिवक्ताले सम्पादन गर्नु पर्ने काम, निजको कर्तब्य र अधिकार समेतको निर्धारण गरिएको छ । उक्त ऐनको दफा १३ को उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र प्रदेश कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था छ। सोही दफाको उपदफा ४ मा यसरी पेश गरिने प्रतिवेदनमा अन्य कुराका अतिरिक्त मुख्य न्यायाधिवक्ताले संविधान तथा कानूनी विषयमा वर्ष भरिमा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय, निकाय तथा अधिकारीलाई दिएको राय, प्रदेश सरकार मन्त्रालय तथा निकायलाई पक्ष वा विपक्षी बनाई दायर भएका रिट निवेदनहरुको विवरण, मुख्य न्यायाधिवक्ताको कार्यालयलाई प्राप्त श्रोत साधनको व्यवस्थापन, बहस, पैरवी तथा प्रतिरक्षाको विवरण, मुद्दा तथा रिट निवेदनहरुको सफलता, असफलताको स्थिति, रिट निवेदन उपर देखिएका समस्या तथा भविष्यमा गरीनुपर्ने सुधारका विषय समेत उल्लेख गर्नु पर्नेछ भन्ने व्यवस्था छ।

उक्त संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन तयार गरी नेपालको संविधानको धारा १६० तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धि ऐन, २०७५ को दफा १३ को उपदफा (१) बमोजिम **माननीय प्रदेश प्रमुख ज्यू, समक्ष पेश गरेको छु । प्रतिवेदनमा २०७९ साउनदेखी २०८० असार मसान्त सम्मका रिट तथा मुद्दा र अन्य क्रियाकलापहरु समावेश गरिएको छ।**

नेपालको संविधान तथा प्रदेश कानूनले मुख्य न्यायाधिवक्तालाई प्रदान गरेको संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा कार्यान्वयन गर्दै प्रभावकारी प्रतिरक्षा एवं मानव अधिकारको संरक्षण र संबर्द्धन गर्ने कार्यमा मुख्य न्यायाधिवक्ताको कार्यालय निरन्तर क्रियाशील रहेको छ । यस कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट खटाईएका सरकारी वकील एवं प्रदेश सरकारका अन्य कर्मचारीहरु प्रचलित कानूनले सुम्पिएको कर्तव्य र जिम्मेवारी व्यावसायिक रुपमा सम्पादन गर्न प्रतिबद्द रहेका छन् । प्रदेश सरकारको हक हित वा सरोकार निहित

रहेको तथा प्रदेश सरकार पक्ष/विपक्ष भई नेपालका बिभिन्न अदालतमा विचाराधीन रहेका मुद्दाहरुको प्रतिरक्षा सम्बन्धी कार्यहरू प्रभावकारी रुपमा सम्पन्न हुँदै आईरहेका छन् ।त्यसै गरी प्रदेश सरकार अन्तरगतका मन्त्रालय/विभाग/निर्देशनालय तथा कार्यालयहरुलाई आवश्यकता परेका बखत कानूनी राय प्रदान गर्ने कार्य समेत मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्दै आएको छ। ।

नेपालको संविधान र प्रदेश कानूनले निर्धारण गरेको मुख्य न्यायाधिवक्ताको भूमिका, प्रदेश सरकारको संवैधानिक तथा कानूनी अधिकारको संरक्षण, प्रदेश कानूनको कार्यान्वयनको अबस्थामा आई पर्ने मुद्दा मामिला, प्रदेशको भौगोलिक अवस्था समेतलाई बिचार गरेर मुख्य न्यायाधिवक्ताको कार्यालयलाई आवश्यक जनशक्ति र भौतिक स्रोत साधनको व्यवस्था गर्न जरुरी छ । कार्यालयको आफ्नै भवन र अन्य भौतिक पूर्वाधारको उपलब्धता तथा सूचना प्रविधि मैत्री वातावरण अर्को महत्वपूर्ण पक्ष हो । मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुले सम्पादन गर्ने कार्य उच्च स्तरको व्यावसायिक दक्षता आवश्यक पर्ने प्रकृतिको हुने हुँदा निजहरुलाई आवश्यक तालिम, उच्च कानूनी शिक्षा प्रदान गरि व्यावसायिक र दक्ष बनाउन सके मात्र मुद्दा मामिलामा बहस, पैरवी र प्रतिरक्षामा प्रभावकारिता आउने देखिन्छ।

यस अवधिमा ऐन बमोजिम कार्य सम्पादन गर्दा विभिन्न अभावहरु खट्किन गएको हुंदा ऐन संसोधन प्रक्रिया थालनी भै कर्णाली प्रदेश सभाबाट मिति २०७९।४।९ मा संसोधन विधेयक पारीत भएपश्चात प्रदेश प्रमुखबाट मिति २०७९।४।२३ मा प्रमाणीकरण भएकोले आगामी दिनमा संसोधनको सार्थकता प्रष्ट हुनेछ ।

अन्त्यमा, स्वतन्त्र र निष्पक्ष कार्य सम्पादनबाट प्रदेश सरकारको अवधारणालाई साकार पार्न समाजमा शान्ति सुव्यवस्था कायम गर्न र आम नागरिकको मौलिक हक मानव अधिकारको संरक्षण तथा सार्वजनिक सरोकारसंग तात्विक सम्बन्ध भएका विवादमा उत्पन्न हुन सक्ने कठिनाइ वा दुविधालाई हटाउन, कानूनी राय दिने, न्यायिक निकायमा प्रदेश सरकारको तर्फबाट उपस्थित भई प्रभावकारी प्रतिरक्षा गर्ने लगायतका कार्यमा मुख्य न्यायाधिवक्ताको कार्यालय सदैब प्रतिबद्द रहेको छ । प्रतिवेदनमा कार्यसम्पादनका क्रममा आएका चुनौती एवं समस्याका साथै सुधारका लागी सुझावहरु उल्लेख गरेको छु। मुख्य न्यायाधिवक्ताको कार्यालयको भुमिकालाई उचित महत्व दिने र प्रतिवेदनमा औंल्याइएका समस्याको सम्वोधन भएमा संविधान र कानुनले सुम्पेको जिम्मेवारी सफल रुपमा सम्पादन गर्न सहयोग मिल्ने आशा गर्दै कानूनी शासन र मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न यस कार्यालयका काम कारबाहीलाई अझ बढी प्रभावकारी र नतिजामुखी बनाउनका लागी सदैब क्रियाशील रहने प्रतिबद्दता व्यक्त गर्दछु।

असोज, २०८०

.................................

**नरबहादुर खड्का**

मुख्य न्यायाधिवक्ता

# विषय सूची


**परिच्छेद- एक : सामान्य परिचय** **१-५**

१.१ परिचय १
१.२ ऐतिहासिक पृष्ठभूमी १
१.३ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार १
१.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्बन्धि व्यवस्था ३
१.५ संगठनात्मक स्वरुप ३
१.६ यस कार्यालयमा रहेका शाखाहरु ४
१.७ संगठन तथा व्यवस्थापनको भावी कार्य दिशा ५

**परिच्छेद- दुई : कार्यालयबाट सम्पादित कार्यको विवरण** **६-१५**

२.१ रिट निवेदन/मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण ६
२.२ आर्थिक बर्ष २०७९/८० मा बहस पैरवी तथा प्रतिरक्षा भएका मुद्दा विवरण ६
२.३ यस आ व मा फैसला भएका रिट निवेदनहरुको तालिका सहितको संक्षिप्त विवरण ७
२.४ चालु रिट निवेदनहरुको तालिका सहितको संक्षिप्त विवरण १०

**परिच्छेद- तीन : बजेट, खर्च र भौतिक अवस्था सम्बन्धी** **१६-१९**

३.१ वार्षिक बजेट १६
३.२ भौतिक तथा सवारी साधनहरुको अवस्था १६
३.३ सवारी साधनको विवरण १७
३.४ जिन्सी मौज्दातको विवरण १८

**परिच्छेद-चार : मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यक्रमहरू** **२०-२७**

४.१ लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम २०
४.२ समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम हुम्ला २१
४.३ समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम जुम्ला २२
४.५ हिरासत तथा कारागार अनुगमन गरीएका जिल्लाहरु र अनुगमन गर्ने अधिकारीहरु सहितको तालीका विवरण २३
४.६ आर्थिक बर्ष २०७९/०८० मा यस कार्यालयबाट भए गरिएका महत्वपुर्ण कार्यहरु २७

**परिच्छेद- पाँच : समस्या, सुझाव र निष्कर्ष** **२८-३१**

५.१ समस्या २८
५.२ सुझाव २९
५.३ निष्कर्ष ३०

**परिच्छेद- ६ : पूर्व मुख्य न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ता र कर्मचारी विवरण** **३१**

६.१ पुर्व मुख्य न्यायाधिवक्ताहरु ३१
६.२ मुख्य न्यायाधिवक्ता ३१
३.३ मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारी विवरण ३१

**परिच्छेद- सात : कर्णाली प्रदेश सरकारबाट हालसम्म जारी भएका ऐनहरूको विवरण** **३२**

**परिच्छेद- आठ : आ.व. २०७८/०७९ मा भएका कार्यक्रमहरूको झलक** **३३-४०**

परिच्छेद : एक

# सामान्य परिचय

## १.१ परिचय

नेपालको संविधानको धारा १६० को उपधारा १ मा महान्यायाधिवक्ताको मातहतमा रहने गरि प्रत्येक प्रदेशमा एक जना मुख्य न्यायाधिवक्ता रहने भन्ने संबैधानिक व्यबस्था बमोजिम कर्णाली प्रदेशमा पनि मिति २०७४/१२/२८ गते मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना भएको हो । महान्यायाधिवक्ताको कार्यालयबाट खटाइएका सरकारी वकिल र प्रदेश सरकारबाट व्यबस्थापन गरिएका जनशक्तिबाट कार्य सम्पादन हुदै आइरहेको यस कार्यालयको आफ्नो स्वामित्वमा जग्गा र भवन नहुदा विरेन्द्रनगर नगरपालीका वडा नं ७ स्थित घण्टाघर चोकको उत्तरपट्टी साविक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय रहेको समन्वय समितिको स्वामित्वमा रहेको भाडाको भवनबाट  कार्य सञ्चालन भईरहेको छ ।

मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने, संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकीदिएको अन्य अधिकारीलाई राय प्रदान गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुने संवैधानिक ब्यबस्था छ ।मुख्य न्यायाधिवक्ताको नियुक्ति मुख्य मन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक ब्यबस्था बमोजिम कर्णाली प्रदेशमा मिति २०७९।१०।२० मा चौथो मुख्य न्यायाधिवक्ताको नियुक्ति भएको छ । मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ जारी भै कार्यान्वयनमा आईसकेको छ ।

## १.२ ऐतिहासिक पुष्ठभूमि

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य पुनसंरचना गरी ७ प्रदेशको स्थापना भएको छ।संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक जना मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार हुने, संवैधानिक एवं कानूनी विषयमा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दामा सम्बन्धित अड्डा अदालतमा उपस्थित भई वहस, पैरवी र प्रतिरक्षा गर्ने जिम्मेवारी मुख्य न्यायाधिवक्तालाई तोकिएको छ। कर्णाली प्रदेशमा मिति २०७४।१२।२८ मा माननीय विद्याभुषण मानन्धर पहिलो मुख्य न्यायाधिवक्ताको रुपमा नियुक्ती हुनु भएको थियो भने दोस्रो मुख्य न्यायाधिवक्ता मिति २०७७।१२।०६ मा माननीय मातृकाप्रसाद खनाल, तेस्रो मुख्य न्यायाधिवक्ताका रुपमा माननीय ध्रुवकुमार श्रेष्ठ मिति २०७८।०७।२८ मा र चौथो मुख्य न्यायाधिवक्ताको रुपमा माननीय नरबहादुर खडकाको मिति २०७९।१०।२० गते नियुक्ती भई सोही बमोजिम  मुख्य न्यायाधिवक्ताको कार्यालयबाट तोकिएको कार्य सम्पादन हुँदै आइरहेको छ।

## १.३ मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

संविधानको धारा १६० तथा मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा मुख्य न्यायाधिवक्ताको काम कर्तब्य अधिकार र जिम्मेवारी तोकिएको छ ।जुन यसप्रकार छन:

- प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक,हित वा सरोकार रहेको, संविधान वा कानुनको ब्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधिन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट उपस्थित भै बहस पैरवी गर्ने गराउने ।
- प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेशस्थित मन्त्रालय सचिवालय वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने ।
- प्रचलित प्रदेशका कानुनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनुपर्ने वा भैरहेको कानुन संसोधन गर्न वा बनिरहेको कानुन लागु गर्नुपर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।
- प्रदेश सरकारका मन्त्रालय सचिवालय विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबीच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने ।
- प्रदेश स्थित हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसंग वा कानुन व्यवसायी मार्फत भेटघाट गर्न नदिएको वा मानवोचित ब्यबहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा महान्यायाधिवक्ताको कार्यालयसंग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने ।
- प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाका लागी सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्तर्गतका अधिकृत कर्मचारीलाई खटाउन सक्नेछ ।
- कुनै न्यायीक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न पुनरावेदन वा पुनरावलोकनका लागी निवेदन दिन वा अन्य कुनै कानुनी उपचार प्राप्त गर्न कानुन बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्तर्गतको अधिकृत कर्मचारीले त्यस्तो निर्णय विरुद्द वा आदेश विरुद्द कानुन बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न पुनरावेदन गर्न वा पुनरावलोकनका लागी निवेदन दिन सक्नेछ ।
- प्रदेश कानुन बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकुल भएको वा संविधान वा प्रचलित कानुनको उलंघन वा सार्वजिनक हित विपरित भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्द उजुर गर्न कानुनले कुनै अधिकारी तोकेको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैले वा निजले तोकेको अधिकृत कर्मचारीले त्यस्तो निर्णय वा कामकारवाही विरुद्द कानुनी उपचार प्राप्त गर्न सक्नेछ
- मुख्य न्यायाधिवक्तालाई सम्बन्धित प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायीक निकाय,  कार्यालय र पदाधिकारीसमक्ष उपस्थित हुने अधिकार हुनेछ ।
- मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भै कानुनी प्रश्नको सम्बन्धमा राय ब्यक्त गर्न सक्नेछ ।
- मुख्य न्यायाधिवक्ताले आफुलाई प्राप्त अधिकार मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## १.४ वार्षिक प्रतिवेदन पेश गर्ने सम्वन्धी व्यवस्था

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा १३ बमोजिम मुख्य न्यायाधिवक्ताले वार्षिक रुपमा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। सो प्रतिवेदनमा मुख्य न्यायाधिवक्ताले वर्ष भरिमा आफु तथा आफ्नो कार्यालयबाट भए गरेका कामको विवरण र प्रदेश सरकार तथा प्रदेश सरकार अन्तर्गतका मन्त्रालय विभाग निर्देशनालय र कार्यालयलाई संवैधानिक एवं कानूनी विषयमा दिएको कानूनी रायको संक्षिप्त विवरण, प्रदेश सरकार पक्ष वा विपक्षी भई दायर भएका मुद्दामा वहस, पैरवी र प्रतिरक्षा गरेको विवरणका अतिरिक्त कार्यालयको भौतिक स्थिति, कार्यबोझ र काम कारवाहीको वास्तविक स्थिति चित्रण गरी मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकारका विषयमा आवश्यक सिफारिस र सुझाव समेत उल्लेख गरेको हुनुपर्ने व्यवस्था गरिएको छ।

## १.५ संगठनात्मक स्वरुप

संविधानको धारा १६० को उपधारा (१)मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने, मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित प्रदेशका मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने, प्रदेश सरकारलाई कानूनी राय दिने, प्रदेश सरकारको तर्फबाट बहस, पैरवी एवं प्रतिरक्षा गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहीत छन। मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा ७ मा मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकार मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्था छ। मुख्य न्यायाधिवक्ताको कार्यालयका लागी स्वीकृत दरवन्दी बमोजिम सरकारी वकीलहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयबाट र अन्य कर्मचारीहरुको व्यवस्थापन प्रदेश सरकारबाट हुदै आएको छ। संविधान तथा कानूनले सुम्पेको जिम्मेवारी अनुरुप कार्य सम्पादन गर्न स्थापित मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेतको वर्तमान **संगठनात्मक स्वरुप** यस प्रकार रहेको छ।



## १.६ यस कार्यालयमा रहेका शाखाहरू

### क. रिट तथा प्रतिरक्षा शाखा

यस शाखाले प्रदेश सरकार अन्तर्गतका मन्त्रालय/आयोग/ कार्यालयलाई विपक्षी बनाई अदालतमा दायर भएका रिट निवेदन एवं मुद्दाहरुका सम्बन्धमा प्राप्त लिखित जवाफको तथा प्रतिउत्तर पत्रको ढाँचा कानून बमोजिम भए नभएको रुजु गरी सम्बन्धित अदालतमा पठाउने, त्यस्ता रिट निवेदनमा प्रदेश सरकारका तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने एवं मुद्दा ब्यवस्थापन सम्बन्धी कार्य गर्दछ ।

### ख. प्रशासन/जिन्सी शाखा

कार्यालयको आन्तरिक प्रशासन, दर्ता, चलानी, जिन्सी र पुस्तकालय ब्यवस्थापन सम्बन्धी कार्य गर्ने जिम्मेवारी प्रशासन/जिन्सी शाखालाई तोकिएको छ ।यसका अतिरिक्त कार्यालयको जनशक्ति ब्यबस्थापन गर्ने र मौजुदा जनशक्तिलाई तालिम तथा प्रशिक्षण लगायतका जिम्मेवारी पनि प्रशासन शाखालाई तोकिएको छ।

### ग. आर्थिक प्रशासन शाखा

बार्षिक बजेट तयार गर्ने, बजेट निकासा गर्ने, विनियोजित बजेट शिर्षकमा नियमानुसार खर्च गर्ने, तलब भत्ता र अन्य सुविधा उपलब्ध गराउन आवश्यक कागजात तयार गरी पेश गर्ने, प्रदेश आर्थिक मामिला मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय बाट प्राप्त निर्देशन बमोजिम खर्च गर्ने र लेखा परिक्षण गराउने लगायतका जिम्मेवारी आर्थिक प्रशासन शाखालाई तोकिएको छ ।

### घ. कानुनी राय शाखा तथा मुख्य न्यायाधिवक्ताको सचिवालय

यस शाखालाई संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीलाई राय सल्लाह प्रदान गर्ने, मुख्य न्यायाधिवक्ता समक्ष पेश हुने फाइल कागजातहरु बुझी निकासाका लागी पेश गर्ने र भएका आदेश कार्यान्वयनका लागी पठाउने, अतिथि भेटघाट र फोन सम्पर्क ब्यबस्थापन गर्ने लगायतका जिम्मेवारी सचिवालयलाई तोकिएको छ ।

### ङ. सुचना प्रविधि शाखा

यस शाखाले प्रदेश सरकार अन्तरगतका मन्त्रालय/आयोग/निर्देशनालय र कार्यालयहरुबाट प्राप्त लिखित जवाफ सम्बन्धी soft copy र पठाउनु पर्ने पत्रहरु तयार गरी सम्बन्धित अदालतमा पठाउने, कार्यालयबाट अन्यत्र निकायमा पठाउने पत्रहरु तयार गर्ने, पेशीको सूचनाको जानकारी online मा राख्ने,कार्यालयको website मा सूचना तथा प्रतिवेदनहरु upload गर्ने, Email र scan सम्बन्धित कार्यहरु गर्ने, कार्यालयबाट तयार गरिने वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्ने लगायत **कार्यालयसँग सम्बन्धित सुचना प्रविधि सम्बन्धी अन्य कार्य गर्दछ ।**

## १.७ संगठन तथा व्यवस्थापनको भावी कार्य दिशा

### प्रस्तावित दरवन्दी चार्ट



## परिच्छेद : दुई

# कार्यालयबाट सम्पादित कार्यको विवरण

यस कार्यालयबाट आर्थिक बर्ष २०७९।८० मा रिट निवेदन / मुद्दामा बहस पैरवी प्रतिरक्षा संवैधानिक तथा कानुनी विषयमा दिइएको राय सल्लाह लगायत सम्पादन गरिएका कार्यहरुको लगत र फछ्र्यौट विवरणलाई क्रमश प्रस्तुत गरिएको छ ।

## २.१ रिट निवेदन/मुद्दाको प्रतिरक्षा सम्बन्धी विवरण

नेपालको संविधान एवं मुख्य न्यायाधिवक्ताको काम, कर्तब्य र अधिकार तथा सेवाको शर्तसम्बन्धी ऐन, २०७५ बमोजिम कर्णाली प्रदेश सरकार र यस अन्तर्गतका कार्यालयहरुलाई विपक्षी बनाई सर्वोच्च अदालत, प्रशासकीय अदालत काठमाडौं, उच्च अदालत सुर्खेत, उच्च अदालत पाटन ,उच्च अदालत सुर्खेत जुम्ला इजलास, दैलेख जिल्ला अदालत, सुर्खेत जिल्ला अदालतमा दर्ता गरिएका उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा, परमादेश, निषेधाज्ञा अदालतको अवहेलना जस्ता रिट निवेदन र अन्य मुद्दाहरुमा प्रदेश सरकार र मातहतका निकायका तर्फबाट यस कार्यालयले प्रतिरक्षा गर्दै आईरहेको छ ।

## २.२ आर्थिक बर्ष २०७९/८० मा बहस पैरवी तथा प्रतिरक्षा भएका मुद्दाहरुको विवरण

| गत सालको जिम्मेवारी सरेका मुद्दाहरु | यस बर्ष दर्ता भएका मुद्दाहरु | जम्मा मुद्दा संख्या | यस बर्ष फछ्र्यौट भएका मुद्दाहरु | यस बर्ष बांकी रहेका मुद्दाहरु |
|---|---|---|---|---|
| ५६ | ४६ | १०२ | ४० | ६२ |

## २.३ यस आ व मा फैसला भएका रिट निवेदनहरुको तालिका सहितको संक्षिप्त विवरण

आ.व २०७९/०८० मा सर्वोच्च अदालत, प्रशासकीय अदालत काठमाडौ, उच्च अदालत सुर्खेत, उच्च अदालत पाटन ,उच्च अदालत सुर्खेत, जुम्ला इजलास दैलेख जिल्ला अदालतमा दर्ता भएका रिट/निवेदनको विवरण ।

| क्र. सं | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | फैसला किसिम र मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | किसिम | |
| १ | ०७६-Wo-००४५ | अमर बहादुर श्रेष्ठ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश समेत | उत्प्रेषण/ परमादेश | सर्वोच्च अदालत | २०७९/०४/२ | रिट खारेज | |
| २ | ०७६-Wo-००९६ | लोकबहादुर थापा क्षेत्री | यातायात ब्यबस्था कार्यालय सुर्खेत समेत | उत्प्रेषण/ परमादेश | सर्वोच्च अदालत | २०७९/१२/११ | रिट खारेज | |
| ३ | ०७६-Wo-०७२९ | मंगला रोका | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश समेत | उत्प्रेषण | सर्वोच्च अदालत | २०७९/१०/०२ | रिट जारी | |
| ४ | ०७७-Wo-०१०५ | विक्रम नगरकोटी | पूर्वाधार विकास निर्देशनालय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | २०७९।०४।२३ | तामेली फैसला | |
| ५ | ०७७-Wo-११५४ | सुर्यमणी गौतम | प्रदेश प्रमुखको कार्यालय कर्णाली प्रदेश समेत | अधिकारपृष्क्षा /परमादेश | सर्वोच्च अदालत | २०७९।०५।१० | संवैधानिक ईजलाशमा पठाउने | |
| ६ | ०७८-Wo-०६६० | प्रेमीलाल चौधरी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | २०७९/१०/२४ | रिट खारेज परमादेश जारी | |
| ७ | ०७८-Wo-००१९ | विरमा श्रेष्ठ | उद्योग वन पर्यटन तथा वातावरण मन्त्रालय समेत | उत्प्रेषण | उच्च अदालत | २०७९/०८/२८ | रिट खारेज | |
| ८ | ०७८-Wo-००२७ | अधिवक्ता शेरबहादुर खत्रि | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण | उच्च अदालत सुर्खेत | २०७९/४/२५ | रिट खारेज | |
| ९ | ०७८-Wo-००२९ | टिका बहादुर ऐडी | भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेश समेत | निषेधाज्ञा /परमादेश | उच्च अदालत सुर्खेत | २०७९/१०/०४ | रिट जारी | |
| १० | ०७८-Wo-००२८ | विनिता वोगटी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण /परमादेश समेत | उच्च अदालत सुर्खेत | २०७९/०४/२५ | रिट खारेज | |

| क्र. सं | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | फैसला किसिम र मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | किसिम | |
| ११ | ०७८-Wo-००३० | कांसे बुढा | पूर्वाधार विकास निर्देशनालय समेत | उत्प्रेषण/परमादेश | उच्च अदालत सुर्खेत | २०७९/१०/०४ | रिट जारी | |
| १२ | ०७८-Wo-००३१ | ऐनबहादुर शाही | पूर्वाधार विकास निर्देशनालय समेत | उत्प्रेषण /परमादेश | उच्च अदालत सुर्खेत | २०७९/१०/०४ | रिट जारी | |
| १३ | ०७९-Wo-००४१ | खेमराज जैसी तिवारी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण | उच्च अदालत सुर्खेत | २०७९।०४।२५ | रिट जारी | |
| १४ | ०७८-Wo-००४३ | लोकबहादुर ढकाद | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | उत्प्रेषण समेत | उच्च अदालत सुर्खेत | २०७९।४।२५ | रिट जारी | |
| १५ | ०७८-Wo-००४४ | चन्द्रबहादुर सापकोटा | भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेश समेत | उत्प्रेषण/परमादेश | उच्च अदालत सुर्खेत | २०७९/१०/०४ | रिट जारी | |
| १६ | ०७८-FJ-००२१ | सीताकुमारी सुनार | भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | अदालतको अवहेलना | उच्च अदालत सुर्खेत | २०७९/१०/०४ | रिट जारी | |
| १७ | ०७८-Wo-०००५ | अधिवक्ता शेरबहादुर खत्री | भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | उत्प्रेषण/परमादेश | उच्च अदालत सुर्खेत | २०७९/०८/२८ | रिट जारी | |
| १८ | ०७८-CP-००५९ | हर्कबहादुर टमाटा | मालपोत कार्यालय दैलेख समेत | दुषित नापी बदर | दैलेख जिल्ला अदालत | २०७९/११/०४ | दावी नपुग्ने | |
| १९ | ०७७-AC-००१७ | पदमलाल ढकाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत | बढुवा बदर | प्रशासकीय अदालत काठमान्डौ | २०७९/११/२६ | पुनरावेदन दावी पुग्ने | |
| २० | ०७७-Wo-००४२ | दलबहादुर बनगाडी | भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय | निषेधाज्ञा /परमादेश | उच्च अदालत सुर्खेत | २०७९/९/२१ | रिट खारेज | |
| २१ | ०७८-w0-००४९ | अधिवक्ता भानुभक्त गौतम | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | परमादेश | उच्च अदालत सुर्खेत | २०७९।८।२८ | रिट जारी | |
| २२ | ०७९-wo-०२२० | चन्द्रप्रकाश थकाली | डिभिजन वन कार्यालय मुगु समेत | उत्प्रेषण | उच्च अदलत पाटन | २०७९।११।१७ | रिट खारेज | |

| क्र. सं | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | फैसला किसिम र मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | किसिम | |
| २३ | ०७९-Wo-००१५ | अमर बहादुर राना | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण /परमादेश | उच्च अदालत सुर्खेत | २०७९।१०।४ | रिट जारी | |
| २४ | ०७९-Wo-००१७ | देवी कुमारी सुवेदी समेत | प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण /परमादेश समेत | उच्च अदालत सुर्खेत | २०८०/०२/१० | रिट खारेज | |
| २५ | ०७९-Wo-०४७९ | मानबहादुर बस्नेत समेत | प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत काठमाण्डौं | २०७९/११/१४ | रिट खारेज | |
| २६ | ०७९-Wo-०६४४ | प्रेमीलाल चौधरी समेत | प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत काठमाण्डौं | २०७९/१२/०१ | रिट खारेज | |
| २७ | ०७८-RI-०२४९ | कुमार राज कार्कि | कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत समेत | परमादेश | सर्वोच्च अदालत काठमाण्डौं | २०७९/११/२५ | लगत कट्टा | |
| २८ | ०७८-RI-०१०७ | कुमार राज कार्कि | कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत समेत | परमादेश | सर्वोच्च अदालत काठमाण्डौं | २०७९/११/२५ | लगत कट्टा | |
| २९ | ०७८-RI-०१०६ | कुमार राज कार्कि | कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत समेत | परमादेश | सर्वोच्च अदालत काठमाण्डौं | २०७९/११/२५ | लगत कट्टा | |
| ३० | ०७८-RI-०१०५ | कुमार राज कार्कि | कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत समेत | परमादेश | सर्वोच्च अदालत काठमाण्डौं | २०७९/११/२५ | लगत कट्टा | |
| ३१ | ०७९-Wo-००३३ | हस्तबहादुर जि.एम समेत | डिभिजन वन कार्यालय सल्यान समेत | परमादेश | उच्च अदालत सुर्खेत | २०८०/२/१७ | रिट जारी | |
| ३२ | ०७९-Wo-००४२ | गण्डकी कुमारी भण्डारी समेत | प्रदेश वन निर्देशनालय समेत | उत्प्रेषण/परमादेश | उच्च अदालत सुर्खेत | २०८०/१/१३ | रिट खारेज | |
| ३३ | ०७९-Wo-११३३ | खानी थोदुङ क्याराभान जे.भी. | प्राईम कमर्सियल बैक कालीमाटी समेत | उत्प्रेषण समेत | उच्च अदालत पाटन | २०८०/२/३१ | तामेली फैसला | |
| ३४ | ०७९-FJ-०००१ | ताराकुमारी शाह | पुर्वाधार विकास कार्यालय कालीकवट समेत | मध्यस्थता नियुक्ति | उच्च अदालत सुर्खेत जुम्ला इजलास | २०८०/०३/२८ | रिट खारेज | |

| क्र. सं | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | फैसला किसिम र मिति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | मिति | किसिम | |
| ३५ | ०७९-Wo-०९४९ | अधिवक्ता नविन कार्की समेत | भौतिक पुर्वाधार मन्त्रालय सुर्खेत समेत | परमादेश समेत | उच्च अदालत पाटन | २०८०/१/१३ | रिट जारी | |
| ३६ | ०७९-AC-००२९ | छिरिङ फुल्चोक लामा | शिक्षा विकास निर्देशनालय सुर्खेत समेत | बढुवा निर्णय बदर | प्रशासकिय अदालत काठमान्डौ | २०८०/३/१३ | पुनरावेदन दावी नपुग्ने | |
| ३७ | ०७९-wo-००४३ | जिवन कुमार सिजाली समेत | शिक्षा विकास निर्देशनालय सुर्खेत समेत | उत्प्रेषण | उच्च अदालत सुर्खेत | २०८०।३।१३ | रिट खारेज | |
| ३८ | ०७८-WO-१०९० | ललित बहादुर धामी | कर्णाली प्रदेश शसस्त्र प्रहरी गण मुख्यालय समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | २०७९।१०।२७ | लगत कट्टा गरी म.न्या.का. पठाईएको | |
| ३९ | ०७९-RI-०२३३ | कर्णाली प्रदेश लोकसेवा आयोग सुर्खेत समेत | पुष्पकेशर खनाल समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | २०८०।०२।१९ | दो.पा. अनुमति हुने | |
| ४० | ०७९-RI-०२३४ | कर्णाली प्रदेश लोकसेवा आयोग सुर्खेत समेत | पुष्पकेशर खनाल समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | २०८०।०२।१९ | दो.पा. अनुमति हुने | |

## २.४ चालु रिट निवेदनहरुको तालिका सहितको संक्षिप्त विवरण

आ.व २०७९/०८० मा सर्वोच्च अदालत, उच्च अदालत सुर्खेत, उच्च अदालत पाटन, उच्च अदालत सुर्खेत, उच्च अदालत सुर्खेत जुम्ला इजलास, सुर्खेत जिल्ला अदालत, कालीकोट जिल्ला अदालतमा दर्ता भएका चालु रिट/निवेदन र फिरादको विवरण ।

| क्र. सं. | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | चालु मुद्दाको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | ०७३-Wo-१३७२ | बिष्णुप्रसाद तिमिल्सेना | स्वास्थ्य सेवा निर्देशनालय | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २ | ०७५-Wo-१२६९ | शैलेन्द्रप्रसाद हरिजन | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | उत्प्रेषण/ उत्प्रेषण/परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३ | ०७५-Wo-१३४९ | पुष्पराज प्याकुरेल | उद्योग पर्यटन वन तथा वातावण मन्त्रालय | उत्प्रेषण/परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |

| क्र. सं. | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | चालु मुद्दाको अवस्था |
|---|---|---|---|---|---|---|
| ४ | ०७५-Wo-११६४ | अमरबहादुर कार्की | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ५ | ०७५-Wo-०९३९ | चन्द्र सावत | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ६ | ०७६-Wo-०१७१ | विजयकुमार भट्टराई समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ७ | ०७६-Wo-०२६० | दिपक पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ८ | ०७७-Wo-०४२२ | राजिब कुमार झा | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ९ | ०७६-Wo-१०७२ | गजेन्द्र ठाकुर समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १० | ०७७-Wo-०६१० | थार्चिन गुरुङ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ११ | ०७७-Wo-०१८० | विजयकुमार यादव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १२ | ०७७-Wo-०८३४ | प्रेमकला भन्ने रेनु सेन | उद्योग पर्यटन तथा वातावरण मन्त्रालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १३ | ०७८-AC-000१ | सुर्यमणी गौतम | प्रदेश प्रमुखको कार्यालय सुर्खेत समेत | अधिकारपृच्छा परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १४ | ०७७-AC-००१७ | पदमलाल ढकाल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | बढुवा निर्णय बदर | प्रशासकिय अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १५ | ०७७-Wo-११७४ | नन्दसिंह वुढा समेत | प्रदेश सभा सचिवालय कर्णाली प्रदेश समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |

| क्र. सं. | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | चालु मुद्दाको अवस्था |
|---|---|---|---|---|---|---|
| १६ | ०७७-Wo-११७७ | केशवकुमार दाहाल | जिल्ला समन्वय समितिको कार्यालय मुगु समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १७ | ०७८-Wo-००४० | रन्जन रायमाझी | पुर्वाधार विकास कार्यालय सल्यान समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १८ | ०७८-Wo-०००४ | रमेश रावत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| १९ | ०७७-Wo-१०९९ | पदमबहादुर श्रेष्ठ समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २० | ०७७-Wo-०२२९ | मनमाया आचार्य समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २१ | ०७७-Wo-११०९ | अधिवक्ता सविन श्रेष्ठ | सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २२ | ०७८-Wo-०२३६ | संगम खाईजु | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २३ | ०७८-Wo-०२५६ | चन्द्रप्रसाद लुईटेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २४ | ०७७-Wo-१२४२ | जयप्रकाश पौडेल समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २५ | ०७८-Wo-०५७९ | चन्द्रबहादुर कार्की | शिक्षा विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेत समेत | उत्प्रेषण /परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २६ | ०७८-Wo-०९७५ | दलबहादुर बुढा समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २७ | ०७८-Wo-०९७० | भुपेन्द्रनाथ पौडेल | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |

| क्र. सं. | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | चालु मुद्दाको अवस्था |
|---|---|---|---|---|---|---|
| २८ | ०७८-Wo-०८३४ | मानबहादुर शाही समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| २९ | ०७८-Wo-०७८४ | रन्जन रायमाझी | पुर्वाधार विकास कार्यालय सल्यान | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३० | ०७८-Wo-११५९ | युद्दविक्रम शाही | भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय समेत | उत्प्रेषण परमादेश | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३१ | ०७८-Wo-१२५० | महगु प्रसाद यादव | शशस्त्र प्रहरी मुख्यालय सुर्खेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३२ | ०७८-Wo-१२३४ | दयाराम पौडेल समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३३ | ०७८-Wo-१३७८ | रामकान्त प्रसाद यादव समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३४ | ०७८-Wo-१२६६ | सन्तलाल श्रेष्ठ समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३५ | ०७८-WC-000४ | अधिवक्ता ओमप्रकाश अर्याल | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय काठमान्डौं समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३६ | ०७८-wo-०७९० | टिकाबहादुर कुवंर | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३७ | ०७५-WC-००२० | प्रेमप्रकाश वली | प्रदेश सभा सचिवालय समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३८ | ०७८-CP-०७८२ | मोहनमाया पन्त भण्डारी | उद्योग वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | जग्गा खिचोला | सुर्खेत जिल्ला अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ३९ | ०७८-CP-०७७८ | शान्ति स्नेही | भौतिक पुर्वाधार तथा शहरी विकास मन्त्रालय कर्णाली प्रदेश समेत | जग्गा खिचोला | सुर्खेत जिल्ला अदालत | आदेश तथा फैसला भई नसकेको । |

| क्र. सं. | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | चालु मुद्दाको अवस्था |
|---|---|---|---|---|---|---|
| ४० | ०७४-WO-00४० | निरजकुमार सिंह | प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय काठमान्डौं समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४१ | ०७४-WO-०८४७ | अच्युत प्रसाद खरेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय काठकान्द समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४२ | ०७५-Wo-०८९० | कृष्णबहादुर के.सी | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४३ | ०७९-WO-00१६ | खगेन्द्रबहादुर खनाल | टाफिक ब्यबस्था कार्यालय कर्णाली प्रदेश सुर्खेत | परमादेश | उच्च अदालत सुर्खेत | आदेश तथा फैसला भई नसकेको । |
| ४४ | ०७९-WO-०३१६ | हिक्मतजंग शाही | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४४ | ०७९-CI-०३१६ | राजेश शाही तुलसीभक्त क्याराभानको अधिकारप्राप्त | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | परमादेश समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४५ | ०७९-CI-०३२१ | हिमबहादुर थापा क्याराभान सुपरस्टार जे भी का अधिकारप्राप्त | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | परमादेश समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४६ | ०७९-CI-00३२२ | कृष्णबहादुर स्वांर एम.के.देवीसिंह जे.भी.को अधिकार प्राप्त | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४७ | ०७९-CI-०३२३ | ताराकुमारी शाह ग्याल्वा क्याराभान सुपरस्टार जे.भी का अधिकार प्राप्त | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४८ | ०७९-WO-०४३४ | रामचन्द्र पौडेल | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय काठकान्डौ समेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ४९ | ०७८-WO-१२५० | महगुप्रसाद यादव | कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत | उत्प्रेषण | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ५० | ०७९-CP-०३०१ | सीताकुमारी सुनार | भौतिक पुर्वाधार मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | जग्गा खिचोला | सुर्खेत जिल्ला अदालत | आदेश तथा फैसला भई नसकेको । |

| क्र. सं. | रिट नं. | पक्ष | विपक्षी | मुद्दा | मुद्दा दर्ता भएको अदालत | चालु मुद्दाको अवस्था |
|---|---|---|---|---|---|---|
| ५१ | ०७९-WO-०४४४ | प्रेमीलाल चौधरी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ५२ | ०७९-CP-०४१४ | दिपबहादुर मल्ल | भौतिक पुर्वाधार मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | जग्गा खिचोला | सुर्खेत जिल्ला अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ५३ | ०७९-FJ-०१२४ | पुर्वाधार विकास कार्यालय मुगु | आशिष पृथ्वी जे भी का हकमा केशवप्रसाद दाहाल | मत्यस्थताको निर्णय बदर | उच्च अदालत पाटन | आदेश तथा फैसला भई नसकेको । |
| ५४ | ०७९-FJ-०१२१ | आशिष पृथ्वी जे भी का हकमा केशवप्रसाद दाहाल | पुर्वाधार विकास कार्यालय मुगु | मत्यस्थताको निर्णय बदर | उच्च अदालत पाटन | आदेश तथा फैसला भई नसकेको । |
| ५५ | ०७९-WO-१०२८ | यामराज थापा समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | सर्वोच्च अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ५६ | ०७९-WO-00३८ | मोतिलाल प्रसाद समेत | प्रदेश लोकसेवा आयोग समेत | उत्प्रेषण | उच्च अदालत सुर्खेत | आदेश तथा फैसला भई नसकेको । |
| ५७ | ०७९-CP-०५०० | लक्ष्मीदेवी विश्वकर्मा | भौतिक पुर्वाधार मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | जग्गा खिचोला | सुर्खेत जिल्ला अदालत | आदेश तथा फैसला भई नसकेको । |
| ५८ | ०७९-WO-00५० | अधिवक्ता उत्तम प्रसाद आचार्य समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश समेत | निषेधाज्ञा समेत | उच्च अदालत सुर्खेत | आदेश तथा फैसला भई नसकेको । |
| ५९ | ०७९-WO-००५१ | प्रकाश बाबु ऐडी समेत | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सुर्खेत समेत | उत्प्रेषण समेत | उच्च अदालत सुर्खेत | आदेश तथा फैसला भई नसकेको । |
| ६० | ०७९-WO-००१९ | रत्नप्रसाद उपाध्याय | पुर्वाधार विकास निर्देशनालय कर्णाली प्रदेश सुर्खेत समेत | निषेधाधज्ञा/परमादेश/उत्प्रेषण | उच्च अदालत सुर्खेत जुम्ला ईजलाश | आदेश तथा फैसला भई नसकेको । |
| ६१ | ०७९-WO-00६२ | देविसरा खडका | भौतिक पुर्वाधार मन्त्रालय कर्णाली प्रदेश सुर्खेत | निषेधाज्ञा लगायत | उच्च अदालत सुर्खेत | आदेश तथा फैसला भई नसकेको । |
| ६२ | ०७९-Wo-०००२ | ताराकुमारी शाह | पुर्वाधार विकास कार्यालय मान्म कालिकोट समेत | निषेधाज्ञा | कालिकोट जिल्ला अदालत | आदेश तथा फैसला भई नसकेको । |

परिच्छेद : तीन

# बजेट, खर्च र भौतिक अवस्था सम्बन्धी

## ३.१ वार्षिक बजेट

| सि.नं. | ब.उ.शि.नं. | मुख्य न्यायाधिवक्ताको कार्यालय कर्णाली प्रदेश सुर्खेत | विनियोजित वार्षिक बजेट | खर्च |
|---|---|---|---|---|
| १ | २१६०००११३ | प्रशासनिक/कार्यक्रम खर्च | १६३३६०००।- | १३५६१०००।- |
| २ | २१६०००११४ | पुंजिगत खर्च | २३०००००।- | २२६००००।- |
| | | **जम्मा** | **१८६३६०००।-** | **१५८२२०००।-** |

## ३.२ भौतिक तथा सवारी साधनहरुको अवस्था

मुख्य न्यायाधिवक्ताको कार्यालय सुर्खेतको भौतिक स्थिति

| कार्यालय भवन | कम्प्युटर संख्या | ल्यापटप संख्या | प्रिन्टर संख्या | स्क्यानर | टेलिभिजन संख्या | सोलार संख्या | टेलिफोन संख्या | जीप | मोटर साइकल | स्कुटर | एअर कन्डीसनर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आफ्नो कार्यालयको भवन नभएर भाडामा बसेको | ८ थान | ७ थान | ८ थान | २ थान | १ थान | ४ ब्याट्री समेत | ५ | २ थान | २ थान | १ थान | २ थान |

## ३.३ सवारी साधनको विवरण

| क्र.सं. | सवारी साधनको प्रकार | जि.खा.पा.नं | सवारी नं. | सवारी साधन | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | निर्माता देश | निर्माता कम्पनी | मोडेल नं. | इन्जिन नं. | चेसिस नं. | निर्माण वर्ष |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | हार्ड टप जीप-१ | २७ | कर्णाली प्रदेश ०२-००१ झ ०००३ | भारत | महेन्द्रा | स्करपियो S5 mHawk 120 4WD 9S | SJJ4M14854 | MA1TA4SJXJ2M19142 | २०१८ |
| २ | निसान जीप- १ | १०४ | कर्णाली प्रदेश ०२-००१ झ ०१४० | भारत | निसान मोटर | Kicks | E012331 | MDHFBAD15N2005035 | 2022 |
| ३ | स्कुटर-१ | १४ | भे १ ब १२९७ | भारत | होण्डा M011 | Dio orange | JF39E74013737 | ME4JF39HGJ7009155 | २०१८ |
| ४ | मोटरसाइकल-१ | १४ | भे १ ब १२९८ | भारत | होण्डा M011 | HORNET CB red | KC23E84066068 | ME4kc23BHH8000934 | २०१७ |
| ५ | मोटरसाइकल-१ | ९० | कर्णाली प्रदेश ०२-००१ ब ०१३८ | भारत | होण्डा M011 | shine SP grey | JC73ED0026378 | ME4JC738HKD002512 | २०१९ |

## ३.४ जिन्सी मौज्दातको विवरण

| क्र.सं. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण |
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | १ | ४०८ | डेल ल्यापटप | वटा | ७ |
| २ | २ | ४०८ | क्यानन प्रिन्टर | वटा | ७ |
| ३ | २ | ४०८ | ब्रोदर प्रिन्टर | वटा | १ |
| ४ | ३ | ४०८ | सोफा सेट | सेट | ९ |
| ५ | ४ | ४०८ | टेवल डबल घर्रा | वटा | ७ |
| ६ | ४ | ४०८ | टेवल एल आकार | वटा | २ |
| ७ | ५ | ४०८ | टेबुल सादा | वटा | २ |
| ८ | ५ | ४०८ | कम्प्यूटर टेबल | वटा | २ |
| ९ | ६ | ४०८ | रिभल्विङ चेयर | वटा | १० |
| १० | ६ | ४०८ | अफिस चेयर | वटा | ३ |
| ११ | ७ | ४०८ | भिजिटिङ चेयर | वटा | २४ |
| १२ | ८ | ४०८ | वेड पलङ लोबेड समेत | वटा | ७ |
| १३ | ९ | ४०८ | मेट्रेस | वटा | ५ |
| १४ | १० | ४०८ | स्टिल दराज | वटा | ८ |
| १५ | ९६ | ४०८ | काठ दराज | वटा | १ |
| १६ | ११ | ४०८ | टेलिभिजन | वटा | १ |
| १७ | १२ | ४०८ | स्टेन्ड फेन उषा/सिजी | वटा | २ |
| १८ | १२ | ४०८ | स्टेन्ड फेन मिनि | वटा | ५ |
| १९ | १३ | ४०८ | मोटरसाइकल होन्डा | वटा | १ |
| २० | १३ | ४०८ | मोटरसाइकल हर्नेट | वटा | १ |
| २१ | १४ | ४०८ | स्कुटर डिओ | वटा | १ |
| २२ | १५ | ४०८ | साइकल एटलस | वटा | १ |
| २३ | १५ | ४०८ | साइकल लेडिज | वटा | १ |
| २४ | १६ | ४०८ | साइन बोर्ड | वटा | २ |
| २५ | १७ | ४०८ | ग्यास सिलिन्डर | वटा | ४ |
| २६ | १८ | ४०८ | ग्यास चुल्हो | वटा | २ |
| २७ | २० | ४०८ | प्रोजेक्टर क्यानन | वटा | १ |
| २८ | २१ | ४०८ | डेस्कटप कम्प्यूटर डेल | वटा | ८ |
| २९ | २२ | ४०८ | क्यामरा क्यानन समेत | वटा | २ |
| ३० | २३ | ४०८ | बुक केश एभरेष्ट | वटा | ५ |

| क्र. सं. | जिन्सी नं | जिन्सी वर्गीकरण सङ्केत नं. | जिन्सी सामानको नाम | मौज्दात बाँकी | |
|---|---|---|---|---|---|
| | | | | एकाइ | परिमाण |
| १ | २ | ३ | ४ | ५ | ६ |
| ३१ | २५ | ४०८ | काठको रयाक/टेबुल बुक रयाक समेत | वटा | ४ |
| ३२ | २६ | ४०८ | हेलोजिन हिटर | वटा | ८ |
| ३३ | २७ | ४०८ | महेन्द्र स्कारपियो गाडी | वटा | १ |
| ३४ | २८ | ४०८ | भ्याकुम क्लिनर | वटा | १ |
| ३५ | २९ | ४०८ | फ्रिज | वटा | २ |
| ३६ | ३० | ४०८ | डाइनिङ टेबुल कुर्ची समेत | सेट | २ |
| ३७ | ३१ | ४०८ | टि टेबुल काठको | वटा | ५ |
| ३८ | ५६ | ४०८ | white board | वटा | ४ |
| ३९ | ६० | ४०८ | हेङगर स्टिल कपडा झुडाउने | थान | ११ |
| ४० | ६६ | ४०८ | टि टेबुल सिसा वाला | थान | ६ |
| ४१ | ७९ | ४०८ | टेलिफोन सेट | सेट | ५ |
| ४२ | ८० | ४०८ | फाइबर मेनलाइन वाइफाइ | थान | २ |
| ४३ | ८४ | ४०८ | राष्ट्रिय झन्डा स्टेन्ड सहित | थान | १ |
| ४४ | ८७ | ४०८ | सूचना वोर्ड | थान | २ |
| ४५ | ८९ | ४०८ | फलामको पोल | थान | १ |
| ४६ | ९१ | ४०८ | ups | थान | १ |
| ४७ | ९२ | ४०८ | LG HOTPOT | थान | १ |
| ४८ | ९४ | ४०८ | DTH connection | थान | १ |
| ४९ | ९५ | ४०८ | कुलर | थान | ३ |
| ५० | ९०९ | ४०८ | काठको स्टुल | थान | २ |
| ५१ | १०२ | ४०८ | स्कयानर | थान | २ |
| ५२ | १०९ | ४०८ | किचेन र्याक | थान | १ |
| ५३ | ११० | ४०८ | मिटिङ्ग टेबुल | थान | १ |
| ५४ | १११ | ४०८ | बुक केश काठ | थान | १ |
| ५५ | ११२ | ४०८ | ईन्भरटर | थान | १ |
| ५६ | ११३ | ४०८ | सीसी क्यामेरा | थान | ७ |
| ५७ | ११४ | ४०८ | मोनिटर सिसि क्यामेरा | थान | १ |

परिच्छेद : चार

# मुख्य न्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यक्रमहरू

## ४.१ लिखित जवाफ सम्बन्धी प्रशिक्षण कार्यक्रम

मुख्य न्यायाधिवक्ताको कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मिति २०८०।०२।०३ गतेका दिन कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगरमा कर्णाली प्रदेश सरकार अन्तर्गतका सरकारी निकायमा कार्यरत कानुन अधिकृत तथा मुद्दा शाखामा कार्यरत कर्मचारीहरुका लागी एक दिवसीय लिखित जवाफ तथा कानुन सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।सो कार्यक्रमको अध्यक्षता माननीय मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका ज्युले गर्नुभएको थियो ।कार्यक्रममा उच्च अदालतका माननीय मुख्य न्यायाधिश श्री माधवप्रसाद पोखरेलले प्रमुख अतिथिको आसन ग्रहण गर्नुभएको थियो भने अतिथिका रुपमा उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल, उच्च अदालत सुर्खेतका रजिष्ट्रार श्री अर्जुनप्रसाद कोईराला, जिल्ला न्यायाधिवक्ता श्री नविनकुमार भट्ट, जिल्ला अदालत बार इकाई सुर्खेतका उपाध्यक्ष श्री हिमालयजंग शाही र उच्च अदालत सुर्खेत वार ईकाईका प्रतिनिधि अधिवक्ता रमाकुमारी प्याकुरेलले गर्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेश अन्तर्गतका मन्त्रालय निर्देशनालयतथा कार्यालयमा कार्यरत मुद्दा/कानून शाखामा कार्यरत कानून अधिकृत तथा कर्मचारीहरु, सरकारी वकिलहरु तथा जिल्ला अदालत सुर्खेत र उच्च अदालत सुर्खेतका ईजलाश अधिकृतहरु समेत सहभागी हुनुहुन्थ्यो ।

कृषि तथा पशुपन्छी ब्यवसाय प्रबर्धन प्रशिक्षण केन्द्र विरेन्द्रनगर सुर्खेतको सभाहलमा विहान १०.०० बजे पानसमा बत्ति बालि कार्यक्रमको अध्यक्षता गरिरहनु भएका माननीय मुख्य न्यायाधिवक्ता ज्युबाट कार्यक्रमको उद्घाटन भएको थियो ।कार्यक्रम उद्घाटन पश्चात कार्यालय प्रमुख श्री तुलसा भण्डारी ज्युबाट कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुका साथै कार्यक्रमका सहभागीहरुलाई स्वागत मन्तव्यद्वारा स्वागत गर्नुभएको थियो । सो कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै सुर्खेत जिल्ला अदालत बार एकाईसुर्खेतका उपाध्यक्ष अधिवक्ता हिमालयजंग शाही, उच्च अदालत सुर्खेतका रजिष्ट्रार श्री अर्जुनप्रसाद कोईराला, उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल तथा कार्यक्रमका मुख्य अतिथि माननीय मुख्य न्यायाधिश श्री माधवप्रसाद पोखरेल ज्युले मन्तब्य ब्यक्त गर्नुभएको थियो भने माननीय मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का ज्युबाट सारगर्भित मन्तब्य सहित उद्घाटन कार्यक्रमको समापन गर्नुभएको थियो ।

कार्यक्रमको पहिलो सत्र उच्च अदालत सुर्खेतका माननीय मुख्य न्यायाधिश श्री माधवप्रसाद पोखरेलले रिट तथा प्रतिरक्षा सम्बन्धमा प्रशिक्षण थियो । ।बन्दीप्रत्यक्षीकरण परमादेश उत्प्रेषण प्रतिषेध र अधिकारपृच्छा जस्ता पांचप्रकारका रीटहरुको बारेमा चर्चा गर्नुका साथै सरकार तथा सार्वजनिक अधिकारप्राप्त अधिकारीका विरुद्दा रिट दर्ता भै सकेपछि लिखित जवाफ दर्तादेखि वहस पैरवी सम्मका कार्यहरु नै प्रतिरक्षा हुन भनी सहभागीहरुलाई प्रशिक्षित गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्र मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका ज्युले मुख्य न्यायाधिवक्ताको भुमिकाका सम्बन्धमा प्रशिक्षण दिनुका साथै सहभागीहरुबाट उठेका जिज्ञासाको जवाफ दिनु भएको थियो ।

कार्यक्रमको तेस्रो र चौथो सत्र उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले लिखित जवाफ के हो ,लिखित जवाफमा के के कुराहरु समावेश गर्नुपर्दछ । कति समयमा लिखित जवाफ पेश गर्नुपर्छ । कुन निकायले कुन निकाय मार्फत लिखित जवाफ पेश गर्ने हो सो सम्बन्धमा प्रशिक्षीत गर्नुका साथै सहभागीहरुलाई तिन समुहमा विभाजन गरी छुट्टाछुट्टै लिखित जवाफ कसरी लेख्ने भनेर अभ्यास समेत गराउनु भएको थियो ।सहभागीहरुको सक्रियतापुर्वक सहभागीता समेत थियो ।

कार्यक्रमको अन्तमा समापन सत्र थियो ।समापन सत्रमा सहभागीहरुका तर्फबाट भौतिक पुर्वाधार मन्त्रालयका कानुन अधिकृत श्री विकास डि.सी.ले बोल्नुभएको थियो ।कार्यक्रम उपलब्धीमुलक रह्यो ।कार्यक्रम छोटो भयो ।कार्यक्रम आर्थिक बर्षको शुरुमा गरेको भए राम्रो हुने थियो लगायतका सुझाव दिनु भएको थियो भने कार्यक्रम माननीय मुख्य न्यायाधिवक्ता ज्युबाट कार्यक्रममा सिकेका ज्ञान सिपहरु ब्यबहारमा लागु गर्न अनुरोध गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

कार्यक्रम मुख्य न्यायाधिवक्ता कार्यालयका शाखा अधिकृत श्री धर्मराज न्यौपानेले गर्नुभएको थियो।

## ४.२ समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम हुम्ला

मुख्य न्यायाधिवक्ताको कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मिति २०८०।०२।२६ गतेका दिन कर्णाली प्रदेशको हुम्ला जिल्लाको सदरमुकाम सिमकोटमा प्रदेश सरकार अन्तर्गतका सरकारी निकायमा कार्यरत कर्मचारीहरु, जिल्ला अदालतका श्रेस्तेदार, सरकारी वकिल जिल्ला समन्वय समिति हुम्लाका प्रमुख, सिमिकोट गाउंपालिकाका उपाध्यक्ष, हुम्ला जिल्लास्थित विभिन्न मिडियामा कार्यरत पत्रकारहरुका विच समुदायमा/सरोकारवालासंग मुख्य न्यायाधिवक्ता कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता माननीय मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका ज्युले गर्नुभएको थियो । कार्यक्रममा जिल्ला समन्वय समिति हुम्लाका प्रमुख श्री शिवराज शर्माले प्रमुख अतिथिको रुपमा आसन ग्रहण गर्नुभएको थियो भने अतिथिका रुपमा प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेल, हुम्ला जिल्ला अदालतका श्रेस्तेदार श्री कमलकुमार आचार्य, सिमकोट गाउंपालिका उपाध्यक्ष श्री शुशिला रोकाय, उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी ,जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव उपरिक्षक श्री भिमलाल भट्टराई र जिल्ला सरकारी वकिल कार्यालयका सहायक न्यायाधिवक्ता श्री पुर्णबहादुर के.सी.ले अतिथिको रुपमा आसन ग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेश सरकार अन्तर्गतका सम्पुर्ण सरकारी कार्यालयका कार्यालय प्रमुख एवं कर्मचारीहरु न्यायीक अर्धन्यायीक निकायमा कार्यरत कर्मचारीहरु तथा सुरक्षा निकायमा कार्यरत प्रहरीहरु समेत सहभागी हुनुहुन्थ्यो ।

कार्यालय प्रमुख उपन्यायाधिवक्ता श्री तुलसा भण्डारीले यस कार्यक्रमबाट मुख्य न्यायाधिवक्ताको कार्यालयको पहिचान हुनुको साथै प्रदेश सरकार अन्तरगतका बिभिन्न सरकारी कार्यालयहरु सँग कार्यगत र निकायगत समन्वय कायम भई कार्य सम्पादनमा सहजता हुनेछ भन्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुका साथै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा पानसमा दीप बालेर प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री शिवराज शर्माले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो भने सो लगत्तै सम्पुर्ण सहभागीहरुको परिचयात्मक कार्यक्रम भएको थियो। कार्यक्रममा माननीय मुख्य न्यायाधिवक्ता श्री नर बहादुर खडकाले मुख्य न्यायाधिवक्ताको भुमिका काम कर्तब्य र अधिकारका सम्बन्धमा प्रशिक्षण गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले थुप्रै जिज्ञासा राख्नुभएको थियो। सहभागीहरुले उठाएका जिज्ञासाहरुको सम्बन्धमा जवाफ दिदै कार्यक्रमको अध्यक्षता गरिरहेका माननीय मुख्य न्यायाधिवक्ता ज्युले कार्यक्रमको समापन गर्नुभएको थियो । कार्यक्रम मुख्य न्यायाधिवक्ता कार्यालयका शाखा अधिकृत श्री धर्मराज न्यौपानेले गर्नुभएको थियो ।

## ४.३ समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम जुम्ला

मुख्य न्यायाधिवक्ताको कार्यालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मिति २०७९।०५।३० गतेका दिन कर्णाली प्रदेशको जुम्ला जिल्लाको सदरमुकाम जुम्ला खलंगामा प्रदेश सरकार अन्तर्गतका सरकारी निकायमा कार्यरत कर्मचारीहरु, उच्च अदालत सुर्खेत जुम्ला ईजलाशका माननीय मुख्य न्यायाधिश श्री श्रीमण गौतम, जुम्ला जिल्ला अदालतका माननीय न्यायाधिश श्री बिष्णुकुमार गौतम, उच्च अदालत जुम्ला सुर्खेत जुम्ला ईजलाशका रजिष्ट्रार, जुम्ला जिल्ला अदालतका श्रेस्तेदार, उच्च सरकारी वकिल कार्यालय जुम्लाका नि. सहन्यायाधिवक्ता जिल्ला सरकारी वकिल कार्यालय जुम्लाका सहायक न्यायाधिवक्ता, हुम्ला जिल्लास्थित विभिन्न मिडियामा कार्यरत पत्रकारहरुको सहभागीतामा समुदायमा/सरोकारवालासंग मुख्य न्यायाधिवक्ता कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको अध्यक्षता माननीय मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठ ज्युले गर्नुभएको थियो भने उच्च अदालत सुर्खेत जुम्ला ईजलाशका माननीय मुख्य न्यायाधिश श्री श्रीमणकुमार गौतमले प्रमुख अतिथिको आसन ग्रहण गर्नुभएको थियो। अतिथिका रुपमा प्रमुख जिल्ला अधिकारी श्री मुकेश कुमार केशरी, उच्च सरकारी वकिल कार्यालयका नि.सह-न्यायाधिवक्ता श्री शम्भु गौतम, जुम्ला जिल्ला अदालतका श्रेस्तेदार श्री सरोजकुमार रेग्मी, मुख्य न्यायाधिवक्ता कार्यालयका उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी, जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी नायव उपरिक्षक श्री नरेन्द्र चन्द, जिल्ला सरकारी वकिल कार्यालय जुम्लाका सहायक न्यायाधिवक्ता श्री रेणुका राईले अतिथिको रुपमा आसन ग्रहण गर्नुभएको थियो।

कार्यक्रममा कर्णाली प्रदेश सरकार अन्तर्गतका सम्पुर्ण सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु न्यायीक अर्धन्यायीक निकायमा कार्यरत कर्मचारीहरु तथा सुरक्षा निकायमा कार्यरत प्रहरीहरु समेत सहभागी हुनुहुन्थ्यो ।

यस कार्यालयका कार्यालय प्रमुख उपन्यायाधिवक्ता श्री तुलसा भण्डारीले यस कार्यक्रमबाट मुख्य न्यायाधिवक्ताको कार्यालयको पहिचान हुनुको साथै प्रदेश सरकार अन्तरगतका बिभिन्न सरकारी कार्यालयहरु सँग कार्यगत र निकायगत समन्वय कायम भई कार्य सम्पादनमा सहजता हुनेछ भन्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुका साथै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो । पानसमा दीप बालेर प्रमुख अतिथि उच्च अदालत सुर्खेत जुम्ला ईजलाशका माननीय मुख्य न्यायाधिश श्री श्रीमणकुमार गौतमले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो भने सो लगत्तै सम्पुर्ण सहभागीहरुको परिचयात्मक कार्यक्रम भएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेश सरकारका माननीय मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठले मुख्य न्यायाधिवक्ताको भुमिका काम कर्तब्य र अधिकारका सम्बन्धमा प्रशिक्षण गर्नुभएको थियो।

अन्तमा सहभागीहरुले उठाएका जिज्ञासाहरुको सम्बन्धमा जवाफ दिदै कार्यक्रमको अध्यक्षता गरिरहेका माननीय मुख्य न्यायाधिवक्ता ज्युले कार्यक्रमको समापन गर्नुभएको थियो ।

कार्यक्रम मुख्य न्यायाधिवक्ता कार्यालयका शाखा अधिकृत श्री धर्मराज न्यौपानेले गर्नुभएको थियो।

## ४.४ मुख्य न्यायाधिवक्ताको अन्य भुमिका र सहभागीता

१. मन्त्रीपरिषदमा पेश हुने विधेयक, नियमावली, निर्देशिका, कार्यविधि मापदण्ड समेतमा राय सुझाव दिन गठित समितिको सदस्य मुख्य न्यायाधिवक्ता रहने ब्यवस्था रहेको ।

२. उच्च अदालत सुर्खेत न्यायक्षेत्र समन्वय समितिको बैठकमा नियमित रुपमा आमन्त्रित भै भुमिका निर्वाह ।

३. लुम्बिनी प्रदेशद्द्वारा आयोजित मिति २०७९ भाद्र ४ गते देखी ५ गते सम्म रुपन्देही जिल्लाको छपीयामा सम्पन्न संघीय शासन प्रणालीमा संबैधानिक ईजलासको भूमिका बिषयक दुई दिवसीय कार्यशाला गोष्ठीमा सहभागी ।

४. मिति २०७९ पौष ८ गते देखी १० गते सम्म काठमाण्डौमा सञ्चालन भएको सरकारी वकिलहरुको चौथो राष्टीय सम्मेलनमा सहभागी।

५. महान्यायाधिवक्ताको कार्यालयले मिति २०८० बैशाख १ र २ गते लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा सञ्चालन गरेको सात वटै प्रदेशका मुख्य न्यायाधिवक्ता र महान्यायाधिवक्ताको कार्यालयबीच अन्तरकृयात्मक कार्यक्रममा सहभागी ।

## ४.५ हिरासत तथा कारागार अनुगमन गरीएका जिल्लाहरु र अनुगमन गर्ने अधिकारीहरु सहितको तालीका विवरण

### क. हिरासत निरीक्षण

| सि. नं. | अनुगमन गरिएको हिरासत | अनुगमन मिति | अनुगमनमा संलग्न ब्यक्तिहरु | थुनुवा संख्या | | | हिरासतको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | बालबालिका | | |
| १ | जिल्ला प्रहरी कार्यालय सल्यान | २०७९।१२।२४ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका, शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ० | ० | ० | भौतिक अवस्था ठिकै छ । | |
| २ | जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिम | २०७९।०९।२४ | उप- न्यायाधिवक्ता श्री तुलसा भण्डारी, शाखा अधिकृत श्री धर्मराज न्यौपाने, शाखा अधिकृत श्री पुष्पा चालिसे, लेखा अधिकृत श्री निर्मला गौली | ७ | ० | ० | भौतिक अवस्था ठिकै छ । | |

| सि. नं. | अनुगमन गरिएको हिरासत | अनुगमन मिति | अनुगमनमा संलग्न ब्यक्तिहरु | थुनुवा संख्या | | | हिरासतको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | बालबालिका | | |
| ३ | जिल्ला प्रहरी कार्यालय जाजरकोट | २०७९।१२।२५ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका, शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ४ | ० | ० | भौतिक अवस्था ठिकै छ । | |
| ४ | जिल्ला प्रहरी कार्यालय दैलेख | २०८०।२।१६ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका, शाखा अधिकृत श्री ईशा शर्मा | २४ | ० | ० | भौतिक अवस्था ठिकै छ । | |
| ५ | जिल्ला प्रहरी कार्यालय मुगु | २०८०।२।१८ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका, उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी | ४ | ० | ० | भौतिक अवस्था ठिकै छ । | |
| ७ | जिल्ला प्रहरी कार्यालय जुम्ला | २०७९।५।३० | मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठ, उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी, शाखा अधिकृत श्री धर्मराज न्यौपाने | १२ | ३ | ० | | |
| ८ | जिल्ला प्रहरी कार्यालय कालिकोट | २०७९।५।३१ | मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठ, उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी, शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ५ | १ | ० | | |
| ९ | जिल्ला प्रहरी कार्यालय हुम्ला | २०८०।२।२६ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका, उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी, शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ० | ० | ० | | |
| १० | बन हिरासत सुर्खेत | २०७९।३।२३ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका, उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी, शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ४ | ० | ० | थुनुवा कक्षमा राम्रोसंग हावा ओहोरदोहोर नहुने | |
| ११ | बाल सुधार गृह बांके | २०८०।१।२५ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका | ८३ | | | क्षमता भन्दा बढी बालबालिका राखिएको | |

## ख. कारागार निरीक्षण

| सि. नं. | अनुगमन गरिएको कारागार र जिल्ला | अनुगमन मिति | अनुगमनमा संलग्न व्यक्तिहरु | कैदी/थुनुवा संख्या | | | कारागारको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | बालबालिका | | |
| १ | कारागार कार्यालय सल्यान | २०७९।१२।२४ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खडका अधिकृत श्री खेमराज केसी | १२० | १४ | ० | कोठामा हावा घाम प्रवेश नभएको, प्रयाप्त झ्याल नभएको । | |
| २ | कारागार कार्यालय रुकुम पश्चिम | २०७८।११।२६ | उप न्यायाधिवक्ता श्री तुलसा भण्डारी शाखा अधिकृत श्री पुष्पा चालिसे शाखा अधिकृत श्री धर्मराज न्यौपाने लेखा अधिकृत निर्मला गौली | ११६ | ९ | ० | महिला थुनुवा कक्षमा हावा घाम प्रवेश नभएको, प्रयाप्त झ्याल नभएको । | |
| ३ | कारागर कार्यालय जाजरकोट | २०७९।१२।२५ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का शाखाअधिकृत श्री धर्मराज न्यौपाने | ४८ | ० | ० | अन्य भौतिक अवस्था ठीकै तर नुहाउने कक्ष नभएको | |
| ४ | कारागर कार्यालय दैलेख | २०७०।२।१६ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का शाखा अधिकृत श्री धर्मराज न्यौपाने | १२८ | १६ | ० | खानेपानीको अभाव ।अन्य भौतिक अवस्था ठीकै । | |
| ५ | कारागार कार्यालय सुर्खेत | २०७९।३।२१ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी शाखा अधिकृत श्री धर्मराज न्यौपाने शाखा अधिकृत श्री पुष्पा चालिसे | ३४० | ४३ | ६ | क्षमता भन्दा धेरै । | |
| ६ | कारागार कार्यालय मुगु | २०८०।२।१८ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी | ० | ० | ० | निर्माण सम्पन्नन भएको | |

| सि. नं. | अनुगमन गरिएको कारागार र जिल्ला | अनुगमन मिति | अनुगमनमा संलग्न व्यक्तिहरु | कैदी/थुनुवा संख्या | | | कारागारको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | पुरुष | महिला | बालबालिका | | |
| ७ | कारागार कार्यालय जुम्ला | २०७९।५।३० | मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठ उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी शाखा अधिकृत श्री धर्मराज न्यौपाने | १०५ | ३ | ० | भौतिक अवस्था राम्रो छ । | |
| ८ | कारागार कार्यालय कालिकोट | २०७९।५।३१ | मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठ उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ४५ | ३ | १ | जिर्ण अवस्थाको छ । | |
| ९ | कारागार कार्यालय हुम्ला | २०८०।२।२६ | मुख्य न्यायाधिवक्ता श्री नरबहादुर खड्का उपन्यायाधिवक्ता श्री तुलसा भण्डारी शाखा अधिकृत श्री धर्मराज न्यौपाने | ७ | १ | ० | निर्माणाधिन | |

**अन्तरप्रदेश अवलोकन भ्रमण कार्यक्रमः-**

स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यस कर्यालयका मुख्य न्यायाधिवक्ता श्री ध्रुवकुमार श्रेष्ठको नेतृत्वमा कार्यालय प्रमुख सहित मिति २०७९/८/७ देखि २०७९/८/११ सम्म बागमती प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशमा अवलोकन भ्रमण गरियो। जसमा मुख्य न्यायाधिवक्ताको कार्यालयले कार्य सम्पादनको क्रममा भोग्न परेका समस्याहरु कानूनमा देखिएका अन्यौलता र दुविधाहरु सम्बन्धमा अनुभव आदानप्रदान गरी छलफल भयो। आगामी दिनमा कसरी कार्यसम्पादनमा एकरुपता र प्रभावकारीता र सहजता ल्याउने भन्ने विषयमा छलफल भयो। अवलोकन भ्रमण कार्यक्रम उपलब्धिमुलक रहयो। ६ वटै प्रदेशमा गर्नुपर्ने यो कार्यक्रम प्रदेश सरकारबाट बजेट कटौती भएको कारणले सबै प्रदेशमा कार्यक्रम गर्न सकिएन।

आ.व ०७९/८० मा बागमती प्रदेशका मुख्य न्यायाधिवक्ता श्री ज्ञानेन्द्र नेपालको नेतृत्वमा यस कार्यालयमा मिति २०८०/३/८ मा अवलोकन भ्रमणमा आउनुभएको थियो। दुवै प्रदेशका मुख्यन्यायाधिवक्ता कार्यालय प्रमुखहरु र अन्य कर्मचारीहरुबीच अनुभव आदान प्रदान गरी विभिन्न विषयमा छलफल भयो।

**कारागार प्रहरी हिरासत तथा वन हिरासततथा बाल सुधार गृहको अनुगमन गर्दा देखिएका समस्या**

- निश्चित क्षमता भएका भवनमा धेरै संख्यामा थुनुवा कैदी राखीएको देखियो ।
- यसले गर्दा पालो पालो सुत्नुपर्ने ।
- शौचालयका लागी पालो कुर्नुपर्ने ।
- खुला जग्गाको कमी । खेलकुद मनोरन्जनको समस्या ।
- खुला हावा र घामको सुविधामा कमी ।
- योग प्रवचन जस्ता कार्यक्रम गर्न समस्या ।
- थुनुवा कैदीको अदालतमा पहुचको कमी ।
- उपचारको प्रयाप्त प्रबन्ध नभएको । महिलाहरुको स्वास्थ्यमा थप गम्भीर समस्या छ ।
- प्रहरी कार्यालयमा पनि भौतिक अभाव रहेको । भेटघाट परामर्श कक्षको अभाव रहेको ।

**समाधानका उपायहरु**

- क्षमता अनुसार थुनुवा कैदी राखीँनुपर्ने ।
- खुल्ला जग्गा सहितको कारागार निर्माण गरिनु पर्ने ।
- कारागारमा स्वास्थ्य सेवा उपलब्ध गराईनु पर्ने ।
- मनोविमर्श सेवा योग ध्यान प्रवचनको ब्यबस्था गरिनु पर्ने ।
- समयानुकुल राशन बढाउनु पर्ने ।
- कारागार संचालनको संवेदनशिलतालाई ख्याल गरी सम्बन्धीत कर्मचारीलाई आवश्यक तालीम प्रशिक्षण दिनु पर्ने र मुल्यांकन गरी प्रोत्साहित गर्नु पर्ने ।
- थुनुवा र कैदीहरुको तर्फबाट अनिवार्य रुपमा कानुन ब्यबसायीले प्रतिनिधित्व गर्ने ब्यबस्था मिलाउनु पर्ने ।

**तत्काल पहल कदमी हुनुपर्ने**

- कर्णाली प्रदेशमा बाल सुधार गृहको ब्यबस्था गर्नुपर्ने ।
- लागु पदार्थ दुर्ब्यसनीको सुधारका लागी सरकारी तबरबाट सुधार गृहको ब्यबस्था गरिनु पर्ने।
- जेष्ठ नागरीकका लागी छुट्टै कक्षको ब्यवस्था गरिनु पर्ने ।

## ४.६ आर्थिक बर्ष २०७९/०८० मा यस कार्यालयबाट भए गरिएका महत्वपुर्ण कार्यहरुः-

१- कार्यालय स्थापना दिवसका अवसरमा कार्यालयमा कार्य सम्पादन गर्ने कर्मचारीहरु मध्येबाट उत्कृष्ट कार्यसम्पादन गर्ने एक जना कर्मचारीलाई पुरस्कृत गरीएको ।

२- पुर्व मुख्य न्यायाधिवक्ताहरुलाई सम्मान गर्नुको साथै कारागार कार्यालयमा कैदी बन्दीसँगै रहेका बालबालिकाहरुलाई शैक्षिक सामग्री तथा खेलकूदका सामग्री वितरण गरिएको ।

३- यस कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यक्रमहरुलाई ब्यबस्थित र योजनाबद्द रुपमा सम्पन्न गर्नका लागी बार्षिक कार्ययोजना तथा कार्यविधि निर्माण गरी लागू गरिएको ।

४- यो आ.ब मा यस कार्यालयको बेरुजु शुन्यमा झारिएको।

५- यस कार्यालयबाट मुख्यन्यायाधिवक्ताको कार्यालय कोशी प्रदेश, मधेश प्रदेश र बागमति प्रदेशमा अनुभव आदानप्रदान भ्रमण भएको र मुख्य न्यायाधिवक्ताको कार्यालय बागमति प्रदेशबाट यस कार्यालयमा अनुभव आदानप्रदान भ्रमण भएको।

परिच्छेद : पाँच

# समस्या, सुझाव र निष्कर्ष

## ५.१ समस्याहरु

नेपालको संविधान र प्रदेश कानुन बमोजिम मुख्य न्यायाधिवक्तालाई प्राप्त संवैंधानिक र कानुनी जिम्मेवारी पूरा गर्न र कार्यसम्पादनमा सहयोग गर्न मुख्य न्यायाधिवक्ताको कार्यालयमा सरकारी वकिल र अन्य कर्मचारीको ब्यवस्थापन गरी कार्यसम्पादन हुंदै आएको छ । आफ्नो स्थापनाको छोटो समयमा नै मुख्य न्यायाधिवक्ताको कार्यालयले आफ्नो संस्थागत विकास एवं संवैधानिक र कानुनी रुपमा सम्पादन गर्नुपर्ने कार्यहरुको प्रभावकारी रुपमा सम्पादन गर्दै आफुलाई एक सबल संस्थाको रुपमा उभ्याउन सफल भएको छ । तथापी संविधान र कानुन बमोजिम यस कार्यालयले आफ्नो कार्यसम्पादन गर्दा देहायका समस्या देखा परेका छन ।

१. प्रदेश सरकारका मन्त्रालय तथा विभागका अधिकारीहरुबाट कानूनी राय माग गर्दा कानूनी प्रकृया पुर्‍याई आउने गरेको नपाइएकोले कानुनी राय प्रदान गर्नमा द्विविधा भएको

२. महान्यायाधिवक्ताको कार्यालयबाट मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुलाई सरुवा वा काजमा तोकि अन्य कार्यालयमा पठाउँदा मुख्य न्यायाधिवक्तासँग परामर्श नगरी पठाउने गरेबाट मुख्य न्यायाधिवक्ताको कार्यालयको भूमिकालाई ओझेल पर्ने जस्तो देखिएको

३. एउटै मुद्दामा विपक्षी बनाईएका फरक फरक सरकारी निकायबाट लिखित जवाफ पेश गर्दा आपसी समन्बय नहुदा लिखित जवाफमा एकरुपता नभई प्रतिरक्षा गर्न कठिनाई भएको।

४. कार्यालयको आफ्नै जग्गा र भवन नहुदा भाडाको भवनमा बस्नुपर्दा कार्यसम्पादनमा असहजता भएको ।

५. प्रदेश सरकारका मन्त्रालय, विभाग र कार्यालयहरुमा कानुन अधिकृतहरुको दरबन्दी पुर्ति नहुंदा लिखित जवाफमा गुणस्तरीयता नहुनुका साथै ढांचामा समेत लिखित जवाफ प्राप्त नहुनु ।

६. प्रदेश सरकारका मन्त्रालय, विभाग, कार्यालयहरुले लिखित जवाफ तयार गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालयसंग समन्वय नगर्ने प्रबृतिले आवश्यक कागजात विना लिखित जवाफ पेश गर्दा प्रतिरक्षामा कठिनाई भएको।

७. रिट निवेदनमा विपक्षी बनाइएका मन्त्रालय विभाग कार्यालयहरुले प्रतिरक्षा गरिदिने सम्बन्धमा कार्यालयलाई लिखित पत्राचार नगर्ने प्रबृतिले विना कागजात अन्तरिम आदेश छलफलमा अदालतमा उपस्थित भई प्रतिरक्षा गर्न कठिनाई हुनु ।

८. कार्यालयमा दरबन्दी अनुसारका जनशक्ति नहुंदा कार्य सम्पादनमा जटिलता ।

९. मुख्य न्यायाधिवक्ता कार्यालयमा कार्यरत सरकारी वकिलहरुलाई कामको प्रकृति अनुसारको तालिम नहुनु ।

१०. दिन प्रतिदिन मुद्दाको संख्या बढ्दै गएको हुदा कर्णाली प्रदेश अन्तर्गतका जिल्ला सर्वोच्च अदालत उच्च अदालत पाटन प्रशासकीय अदालत काठमान्डौं समेतमा बहस पैरवी र प्रतिरक्षाका लागी उपस्थित हुन प्रयाप्त मात्रामा बजेट नहुनु ।

## ५.२ सुझावहरु

मुख्य न्यायाधिवक्ताको कार्यालयको कार्य सम्पादनमा प्रभावकारीता ल्याई संस्थागत सुदृढीकरणका लागि कार्य सम्पादनमा देखीएका  समस्या तथा कठिनाइहरुको कानूनी तथा व्यवहारिक रुपमा सम्बोधन गर्न देहायका **सुझावहरु** प्रस्तुत गरिएको छ।

- प्रदेश सरकारका मन्त्रालयहरुबाट बिषयगत कानुन निर्माण गर्दा मुख्य न्यायधिवक्ताको परामर्श तथा सहभागितालाई अनिवार्य नबनाउँदा कानून निर्माण पश्चात सो सम्वन्धमा मुद्दा परी अदालतबाट कानून बदर हुने स्थितिमा कानून निर्माणमा खर्च भएको श्रम र लागतको तुलनामा उपलब्धि शुन्य हुने हुँदा कानून निर्माण प्रक्रियामा मुख्य न्यायधिवक्ताको उपस्थितीलाई अनिवार्य गराईनु पर्ने।
- मुख्य न्यायाधिवक्ताको कार्यालयको भवन निर्माणको लागि यथासिघ्र प्रदेश सरकारले आवश्यक पहल गर्नु पर्ने।
- प्रदेश सरकारको सचिव स्तरिय बैठक तथा गोष्ठीहरुमा मुख्य न्यायधिवक्ताको कार्यालयको उपस्थितीलाई अनिवार्य गराइनु पर्ने।
- प्रदेश सरकारका मन्त्रालय, विभाग र कार्यालयहरुमा कानुन अधिकृतहरुको रिक्त दरबन्दी  यथाशिघ्र पुर्ति गर्नुपर्ने।
- संविधान बमोजिम निर्माण हुने प्रदेश न्याय सेवा आयोगमा मुख्य न्यायाधिवक्ताको भूमिका स्पष्ट हुनु पर्ने।
- प्रदेश न्याय सेवा तालिम केन्द्र वा प्रदेश न्यायिक प्रतिष्ठानको स्थापना गरी न्याय र कानूनको क्षेत्रमा कार्यरत जनशक्तिलाई तालिम दिनु पर्ने।
- प्रदेश सरकारका मन्त्रालय, विभाग, कार्यालयहरुले मुख्य न्यायाधिवक्ताको कार्यालयसंग  समन्वय तथा छलफल गरी  लिखित जवाफ तयार गर्दा बहश पैरवी र प्रतिरक्षामा सहजता हुदा संस्थागत समन्वयलाई प्रभावकारी बनाउनु पर्ने।
- प्रदेश सरकार र अन्तर्गतका कार्यालयहरुले कानुनी राय माग गर्दा कानुनले तोकेको प्रक्रिया पुर्याई संवैधानिक एवं कानुनी विषयमा राय माग गर्नुपर्ने अभ्यास विकास गर्दै लैजानु आवश्यक छ। ।
- मुख्य न्यायाधिवक्ताको  कार्यालयमा कार्यरत सरकारी वकिलहरुले मुख्यतया रिट सम्बन्धी मुद्दाहरुमा बहश पैरवी र प्रतिरक्षा गर्नुपर्ने हुंदा संवैधानिक कानुनको विषयमा क्षमता अभिबृद्दि सम्बन्धि कार्यक्रमहरु संञ्चालन गर्नुपर्ने आवश्यकता छ ।
- फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३८ को उपदफा २ मा प्रोवेसन तथा प्यारोल वोर्डको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ताको अध्यक्षतामा प्रदेश प्रोवेसन तथा प्यारोल वोर्ड गठन हुने ब्यवस्था भएकोले सो सम्बन्धी कार्यविधि निर्धारण गरी वोर्डलाई सक्रिय बनाउनु पर्ने देखिन्छ ।
- महान्यायाधिवक्ताको कार्यालयले तालिम एंव गोष्ठि संचालन गर्दा मुख्यन्यायधिवक्ताको कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुलाई समेत संलग्न गराउनु पर्ने ।
- हिरासत कक्ष तथा वालसुधार गृहहरुको अनुगमनलाई प्रभावकारी वनाउने।
- प्रयाप्त मात्रामा बजेटको व्यबस्था हुनुपर्ने।

## ५.६ निष्कर्ष

मुलुक संघीय संरचनामा गएसंगै गठन भएको प्रदेश सरकारको दैनिक कार्य संचालन गर्ने क्रममा भए गरेका निर्णय तथा कार्यहरुका साथै प्रदेश सभाबाट निर्माण भएका कानूनहरुको कार्यान्वयनको क्रममा आई पर्ने कानूनी जटिलताहरुको समाधान गर्न कानूनी राय दिने तथा प्रदेश सरकार अन्तरगतका  मन्त्रालयहरु तथा कार्यालयहरु पक्ष/विपक्ष भएका मुद्दाहरुमा प्रदेश सरकारको तर्फबाट  बहश पैरवी र प्रतिरक्षा गर्ने लगाएतका अन्य कार्यहरुमा मुख्य न्यायाधिवक्ताको भूमिका महत्वपुर्ण  रहेको छ।

संघीय शासन ब्यवस्थाको मुल मर्मलाई आत्मसात गर्दै मुख्य न्यायाधिवक्ताको कार्यलाई प्रदेश सरकारप्रति पुर्ण रुपमा उत्तरदायी बनाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सक्षम निकायका रुपमा विकास गर्नका लागी मुख्य न्यायाधिवक्ता महान्यायाधिवक्ताको मातहतमा रहने  भन्ने संबैधानिक ब्यबस्थाको पुनर्विचार गर्नु पर्ने देखिन्छ ।

परिच्छेद : ६

# पूर्व मुख्य न्यायाधिवक्ता, मुख्य न्यायाधिवक्ता र कर्मचारी विवरण

## ६.१ पुर्व मुख्य न्यायाधिवक्ताहरु

| | नाम | देखि | सम्म |
|---|---|---|---|
| मुख्य न्यायाधिवक्ता | मा. विद्याभुषण मानन्धर | २०७४।१२।२८ | २०७७।१०।३० |
| मुख्य न्यायाधिवक्ता | मा. मातृका प्रसाद खनाल | २०७७/१२/०६ | २०७८।०६।३० |
| मुख्य न्यायाधिवक्ता | मा. ध्रुवकुमार श्रेष्ठ | २०७८।०७।२८ | २०७९।९।३० |

## ६.२ मुख्य न्यायाधिवक्ता

| | | | |
|---|---|---|---|
| मुख्य न्यायाधिवक्ता | मा. नरबहादुर खड्का | २०७९।१०।२० | - |

## ३.३ मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | नाम | पद | देखि-सम्म |
|---|---|---|---|
| १ | श्री तुलसा भण्डारी | उप-सचिव | २०७८।१०।२४ देखि |
| २ | श्री कृष्णकुमारी भण्डारी | शाखा अधिकृत | २०८०/०३/१४ |
| ३ | श्री धर्मराज न्यौपाने | शाखा अधिकृत | २०७८/११/०१ |
| ४ | श्री ईशा शर्मा | शाखा अधिकृत | २०७८/११/०१ |
| ५ | श्री खेमराज के.सी | अधिकृत छैटौ | २०७६/०३/१७ |
| ६ | श्री निर्मला गौली | लेखा अधिकृत छैटौ | २०७५/०४/०३ |
| ६ | श्री कर्णबहादुर दर्लामी | स. कम्प्युटर अपरेटर | २०७९/०५/२२ |
| १० | पुर्ण बहादुर जि.सी | ह.स.चा. | २०७५/१२/१० |
| ११ | बुद्धिराम चौधरी | का.स. | २०७५/०६/०१ |
| १२ | निर्कला विष्ट | का.स. | २०७५/०१/०२ |

परिच्छेद : सात

# कर्णाली प्रदेश सरकारबाट हालसम्म जारी भएका ऐनहरूको विवरण

१- आर्थिक कार्यविधि ऐन, २०७४
२- कर्णाली प्रदेश आकस्मिक कोष ऐन, २०७५
३- कर्णाली प्रदेश स्तरका सार्वजनिक लिखित प्रमाणीकरण(कार्यविधि) ऐन, २०७५
४- कर्णाली प्रदेश वित्तिय हस्तान्तरण (व्यबस्थापन) ऐन, २०७५
५- कर्णाली प्रदेश कर तथा गैरकर राजस्वसम्बन्धी ऐन, २०७५
६- कर्णाली प्रदेशको गांउसभा र नगरसभाको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५
७- मुख्य न्यायाधिवक्ताको काम कर्तब्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५
८- प्रशासकिय कार्यविधि (नियमित गर्ने)ऐन, २०७५
९- गांउ सभा तथा नगरसभा संचालन कार्यविधि ऐन, २०७५
१०- जिल्ला सभा सन्चालन कार्यविधि ऐन, २०७५
११- कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५
१२- कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७५
१३- प्रदेश सभा सचिवालय सम्बन्धी विधेयक, २०७५
१४- कर्णाली प्रदेश सहकारी ऐन, २०७५
१५- कर्णाली प्रदेश प्रसारण ऐन, २०७५
१६- कर्णाली प्रदेश लोकसेवा आयोग ऐन, २०७६
१७- कर्णाली प्रदेश स्वयंसेवक परिचालन ऐन, २०७६
१८- कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६
१९- कर्णाली प्रदेश प्राङगारिक कृषि ऐन, २०७६
२०- कर्णाली प्रदेश सुशासन ऐन, २०७६
२१- प्रदेश बातावरण संरक्षण ऐन, २०७७
२२- खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७
२३- स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन, २०७७
२४- कर्णाली प्रदेश सार्वजनिक र निजि साझेदारी ऐन, २०७७
२५- प्रदेश औद्योगिक ब्यबसाय ऐन, २०७८
२६- कर्णाली प्रदेश स्वास्थ्य सेवाऐन, २०७८
२७- प्रदेश ब्यापार ब्यवसाय(दर्ता तथा संचालन) ऐन, २०७८
२८- कर्णाली प्रदेश वन ऐन, २०७८
२९- प्रदेश पर्यटन ऐन, २०७८
३०- कर्णाली कृषि पर्यटन प्रबर्धन ऐन, २०७९
३१- प्रदेश लोकसेवा आयोगका पदाधिकारीहरुको पारिश्रमिक सेवाका शर्त र सुविधासम्बन्धी ऐन, २०७९
३२- कर्णाली प्रदेश विनियोजन ऐन, २०८०
३३- कर्णाली प्रदेश आर्थिक ऐन, २०८०
३४- कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९

परिच्छेद : आठ

# आ.व. २०७८/०७९ मा भएका कार्यक्रमहरूको झलक




समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम जुम्ला



कारागार निरिक्षण जुम्ला



कारागार निरिक्षण सल्यान




कारागार निरिक्षण जाजरकोट




कारागार निरिक्षण जाजरकोट



कार्यालय स्थापना दिवसको अवसरमा कारागार कार्यालय सुर्खेतमा थुनुवा तथा कैदीबन्दीहरुको संरक्षणमा रहेका ६ जना बालबालिकालाई शैक्षिक तथा खेल सामाग्री वितरण



कारागार कार्यालय सुर्खेत निरीक्षण




स्थापना दिवसको अवसरमा पाल्नुभएका पुर्व मुख्य न्यायाधिवक्ता ज्यूहरु समेत







लिखित जवाफ कार्यक्रम सुर्खेत




समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम हुम्ला



समुदायमा मुख्य न्यायाधिवक्ता कार्यक्रम हुम्ला




मुख्यन्यायाधिवक्ताहरुको अनुभव आदानप्रदान कार्यक्रम मधेशप्रदेश जनकपुरधाम



महान्यायाधिवक्तका श्री खम्बबहादुर खाती ज्यु समक्ष आ.व.०७८/०७९ को वार्षिक प्रतिवेदन
उपलब्ध गराउनुहुदै मुख्य न्यायाधिवक्ता श्री धुव्रकुमार श्रेष्ठ



बागमती प्रदेशका मुख्य न्यायाधिवक्ताज्यू अन्तर प्रदेश अनुभव आदान प्रदान कार्यक्रममा सहभागी हुँदा



फोटो

# मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत कर्मचारीहरू



कार्यालय प्रमुख
तुलसा भण्डारी
उपसचिव



शाखा अधिकृत
श्री कृष्ण कुमारी भण्डारी



शाखा अधिकृत
श्री धर्मराज न्यौपाने



शाखा अधिकृत
श्री ईशा शर्मा



अधिकृत छैटौ
श्री खेमराज के.सी.



लेखा अधिकृत छैटौ
श्री निर्मला गौली



स. कम्प्युटर अपरेटर
श्री कर्णबहादुर दर्लामी



ह.स.चा.
श्री पूर्ण बहादुर जि.सी.



का.स.
श्री बुद्धिराम चौधरी



का.स.
श्री निर्कला विष्ट

# नेपाल



# कर्णाली प्रदेश




बुलबुले ताल, सुर्खेत



कुभिन्डे दह, सल्यान


रारा ताल, मुगु


फोक्सुण्डो ताल, डोल्पा



# विजयादशमी, शुभदीपावली
## तथा
# छठ पर्व २०८० को

**सुखद् उपलक्ष्यमा सम्पुर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण महानुभाव, दाजुभाइ तथा दिदीबहिनिहरूमा हार्दिक मंलमय शुभकामना व्यक्त गर्दछौं ।**







## मुख्य न्यायाधिवक्ताको कार्यालय
**कर्णाली प्रदेश**
वीरेन्द्रनगर, सुर्खेत
नेपाल



काँक्रेविहार, सुर्खेत